# मनहरी गाउँपालिकाको खेलकुद विकास कार्यविधि, २०७९

मनहरी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रजैया, मकवानपुर

गाउँ कार्यपालिका बैठकबाट पारित मिति २०७९/१२/२७

प्रमाणीत मिति: २०७९/१२/२७

# मनहरी गाउँपालिकाको खेलकुद विकास कार्यविधि, २०७९

प्रस्तावनाः

विकास अनुशासन र गतिशिलताको पर्यायको रुपमा रहेको खेलकुद क्षेत्रलाई स्वास्थ्य, मर्यादित र प्रतिस्पर्धात्मक तवरबाट सञ्चालन प्राप्त परिणामलाई सहज रुपमा लिने परीपाटीको विकास गरी, आपसी विश्वास, सहकार्य, समन्वय एकताको माध्यमबाट सामाजिक सद्भाव कायम गर्ने उद्देश्यबाट अभिप्रेरित भई यस क्षेत्रलाई थप मर्यादित बनाउन वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२१ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ को अधिकारी प्रयोग गरी गाउँपालिकामा खेलकुद क्षेत्रको विकासको लागि यो कार्यविधि मनहरी गाउँपालिका प्रशासनिक कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ बमोजिम मनहरी गाउँ कार्यपालिकाको मिति २०७९।१२।२७ गते बसेको बैठकको निर्णय बमोजिम यो कार्यविधि स्वीकृत गरि लागु गरिएको छ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः यस कार्यविधिको नाम "मनहरी गाउँपालिकाको विकास खेलकुद कार्यविधि, २०७९" रहनेछ।

२. यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ।

३. परिभाषाः विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) "खेलकुद" भन्नाले मनहरी गाउँपालिकाको आयोजना वा स्विकृती वा सहमति लिई खेलाइने खेलकुद समेतलाई सम्झनु पर्दछ।

(ख) "खेलाडी" भन्नाले विभिन्न, विधाका स्थानीय, राष्ट्रिय वा अन्तराष्ट्रिय खेलाडीलाई सम्झनु पर्दछ।

(ग) "खेलकुद विकास समिति" भन्नाले यो निर्देशिका बमोजिम गठित मनहरी खेलकुद विकास समितिलाई सम्झनु पर्दछ।

(घ) "प्रोत्साहन" भन्नाले खेलाडीलाई दिइने उपहार, सम्मान, पुरस्कारलाई सम्झनु पर्दछ।

## परिच्छेद-२

## मनहरी खेलकुद विकास समितिको गठन तथा काम कर्तव्य र अधिकार

४. मनहरी खेलकुद विकास समितिको गठनः (१) देहाय बमोजिम मनहरी खेलकुद विकास समितिको गठन हुनेछः-

(क) गाउँ कार्यापालिका बैठकले तोकेको खेलकुद क्षेत्रमा सकृय गा.पा. क्षेत्रभित्रको एक जना - संयोजक

(ख) सामाजिक विकास समितिको संयोजक/सदस्य १ जना - सदस्य

(ग) खेलकुदका फरक फरक विधा तथा वडाबाट एक एक जना पर्ने गरी वडाले सिफारिस गरी पठाएका बढिमा नौ जना - सदस्य

(घ) गाउँपालिकाको शिक्षा शाखामा कार्यरत प्राविधिक सहायक -सदस्य सचिव

५. खेलकुद समितिको काम, कर्तव्य र अधिकारः (१) खेलकुद समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) गाउँपालिकाले तोकेको बजेटको सीमा भित्र रही खेलकुद सञ्चालन गर्ने,

(ख) वार्षिक खेलकुद योजना तथा बजेट प्रस्ताव गर्ने

(ग) विभिन्न विधाका प्रतिस्पर्धात्मक खेल आयोजना गर्ने,

(घ) अन्य गाउँपालिका वा गाउँपालिकाकाले आयोजना गरेका खेलकुद कार्यक्रममा आमन्त्रण गरिएमा मनहरी गाउँक्षेत्र भित्रका खेलाडी टीम वा क्लबलाई आवश्यकता र औचित्यका आधारमा सहभागी गराउने,

(ङ) निजी क्षेत्रलाई समेत खेलकुदमा सहभागी र साझेदार बनाउने,



रन्जन कोलाखेती
अध्यक्ष

(च) मनहरी गाउँपालिकाको संयोजनमा विभिन्न विधाका खेलाडीहरुको पहिचान र प्रोत्साहन सम्बन्धी योजना बनाई लागु गर्ने,

(छ) खेलकुदको विकासका लागि प्रदेश सरकारसँग सम्पर्क गर्न गाउँपालिकाको परामर्शमा योजना बनाई पेश गर्ने,

(ज) मनहरी गाउँलाई खेलकुद माध्यमबाट उत्कृष्टताको परिचय दिने,

(झ) खेलकुद विकासका लागि योजना बनाई गाउँपालिकाको स्विकृतीमा खेलकुद कार्यक्रम सञ्चालन गर्ने,

(ञ) गाउँपालिकाले तोकेको अन्य कार्य गर्ने,

(ट) खेलकुद सञ्चालन र व्यवस्थापनको लागि कोष स्थापना गरी सञ्चालन गर्न सक्ने।

६. खेलकुद समितिका सदस्यहरुलाई हटाउन सकिनेः खेलकुद समितिका कुनै सदस्यको काम चित्त बुझ्दो नभएमा वा खेलकुद समितिबाट सिफारिस भई आएमा गाउँ कार्यपालिका बैठकले त्यस्तो सदस्यलाई कुनै बखत पनि हटाउन सक्नेछ। हटाउनु अघि त्यस्तो सदस्यलाई सफाइको मौका दिइनेछ।

७. खेलकुद समितिको कार्यकालः खेलकुद समितिको कार्यकाल २ वर्षको हुनेछ। गाउँ कार्यपालिका बैठकले उचित ठानेमा अर्को एक कार्यकाल थप गर्न सक्नेछ।

८. प्रतिवेदन पेश गर्नेः (१) सम्पन्न भई सकेका खेलकुद हुन बाँकी खेलकुद तथा खेलकुद सम्बन्धी योजनाहरुको प्रतिवेदन गाउँपालिकामा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

(२) प्रतिवेदनमा आएका विषयहरुलाई गाउँपालिकाले बुलेटिन मार्फत् सार्वजनिक गर्नेछ।

९. खेलकुद संरक्षण, सम्बर्धन र प्रवर्द्धनः (१) समग्र विधाको खेलकुदको संरक्षण, सम्बर्धन, प्रवर्ध्दन र विकास गर्ने दायित्व गाउपालिकाको हुनेछ।

(२) खेलको सम्बन्धी सम्पूर्ण काम र गतिविधि गरिने कार्य यसै निर्देशिका बमोजिम गठित समितिले गर्नेछ। सो कार्यका लागि गाउँपालिकाले आवश्यक बजेट व्यवस्था गर्नेछ।

१०. गाउँपालिकाले जिल्ला, प्रदेश, वडा वा टोल स्तरमा हुने र भएका जुनसुकै खेलकुद कार्यक्रमको लागि खेलकुदको सहयोग गाउँपालिकास्तरीय खेलकुद समितिको सिफारिसमा मात्र उपलब्ध गराउनेछ । तर गाउँपालिकामा दर्ता नभएका वडा/गाउँपालिका/टोलस्तरीय समितिलाई कुनै पनि किसिमको खेलकुद सहयोग प्रदान गरिने छैन।

११. संरक्षण, सम्बर्धन र प्रवर्ध्दनः (१) खेलकुद संरक्षण, सम्बर्ध्दन र प्रवर्ध्दन गर्ने मुख्य जिम्मेवारी निम्न पदाधिकारीको हुनेछ।

(क) गाउँ कार्यापालिका उप प्रमुखः - संरक्षक

(ख) सामाजिक विकास समितिको संयोजकः - परामर्श दाता

(ग) गाउँ कार्यपालिकाले तोकेको प्रतिष्ठित सामाजिक व्यक्तित्व मध्येबाट १ जनाः - प्रमुख सल्लाहकार

(२) गाउँपालिकाको आवश्यकता अनुसार थप सल्लाहाकार तोकन सक्नेछ।

## परिच्छेद-३

## वडास्तरीय खेलकुद विकास समिति गठन तथा तिनको काम, कर्तव्य र अधिकार

वडा स्तरमा खेलकुदको प्रवर्दन , प्रोत्साहन तथा विकासका लागि गाउँपालिकास्तरीय खेलकुद विकास समितिको मातहत रहने गरी प्रत्येक वडामा देहाय बमोजिम पदाधिकारी रहने गरी वडा स्तरीय खेलकुद विकास समिति रहनेछ।

(क) गाउँ कार्यापालिका बैठकले तोकेको १ जना सम्बन्धित वडाको वडा सदस्य - संयोजक

(ख) खेलकुदका फरक फरक विधाबाट एक एक जना पर्ने गरी बढीमा तोकिएका ५ जना - सदस्य

(ग) सम्बन्धित वडाका वडा सचिव -सदस्य सचिव



अध्यक्ष

१२. वडास्तरीय खेलकुद समितिको काम, कर्तव्य र अधिकारः (१) खेलकुद समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) खेलकुद विकास समितिले तोकेको बजेटको सीमा भित्र रही खेलकुद सञ्चालन गर्ने,

(ख) टोलटोलमा आवश्यकता अनुसार स्तरीय खेलकुद विकास समिति गठन गर्ने,

(ग) वडामा विभिन्न विधाका प्रतिस्पर्धात्मक खेल आयोजना गर्ने,

(घ) गाउँपालिकास्तरीय खेलकुद विकास समितिले आयोजना गरेका खेलकुद कार्यक्रममा आमन्त्रण गरिएका वडाभित्रका खेलाडी टीम वा क्लबलाई आवश्यकता र औचित्यका आधारमा सहभागी गराउने,

(ङ) निजी क्षेत्रलाई समेत खेलकुदमा सहभागी र साझेदार बनाउने,

(च) वडामा विभिन्न विधाका खेलाडीहरुको पहिचान र प्रोत्साहन सम्बन्धी योजना बनाई लागु गर्ने,

(छ) आफ्नो वडालाई खेलकुद माध्यमबाट उत्कृष्टताको परिचय दिने,

(ज) खेलकुद विकासका लागि योजना बनाई गाउँपालिकास्तरीय खेलकुद विकास समितिमा पेश गर्ने,

(ञ) गाउँपालिकास्तरीय खेलकुद विकास समितिले तोकेको अन्य कार्य गर्ने,

## परिच्छेद-३४
## आचार संहिता

१३. आचार संहिताः (१) खेल सम्बन्धी विषयका खेलाडी समिति संयोजक तथा सदस्य, कर्मचारी गाउँ कार्यपालिका र सभासदहरुले देहाय बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछः-

(क) खेलका निर्णायक, खेलाडी, दर्शक, आयोजक कसैले पनि खेल सञ्चालनको समयमा कुनै पनि प्रतिबन्धित लागुऔषध र मादक पदार्थ सेवन गर्न पाइने छैन्।

(ख) खेलाडी टिमले विदेशी नागरिक समावेश गरेर स्वदेशको खेलाडी टिम बनाउन पाइने छैन। तर विदेशी खेलाडी समेतलाई आमन्त्रण गरिदा गैर नेपाली टिमलाई मान्यता दिइनेछ।

(ग) प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्दा दर्तावाला टिमलाई मात्र मान्यता दिइनेछ। तर कोचिङ्ग कक्षा सचालन गर्न दर्ता नभएको टिमलाई पनि सामेल गराउन सकिनेछ।

(घ) नैतिक पतन हुने फौजदारी अपराधमा दोषी ठहरीएका खेलाडीलाई खेलको टिमबाट हटाईनेछ।

(ङ) खेलको विजय पश्चात पाउने सील्ड, ट्रफि कहीँ कतै बेच्न, धरौट राख्न वा उपहार दिन पाइने छैन। तर कुनै खर्तावाला क्लव विगठन हुन गई उक्त क्लवले प्राप्त गरेका सील्ड, ट्रफि गाउँपालिकाको स्विकृतीमा अर्को दर्तावाला क्लवलाई उपहार दिन भने वाधा पर्नेछैन।

(च) कुनै खेलमा व्यक्तिलाई दिएको उपहार टिमले पाएको उपहार व्यक्तिको अधिनमा राख्न पाइनेछैन तर संरक्षण गर्न वाधा पर्नेछैन।

(छ) खेलको निर्णायक राख्दा तालिम प्राप्त आधिकारिक व्यक्ति वाहेक अरुलाई राख्न पाइने छैन ।

(ज) खेलाडीहरुले आपसमा प्रतिस्पर्धा गर्दा आफ्नो टीमको पक्ष लिई क्ल्यापिङ्ग, हुटिङ्ग, अनुहार मेकअप र चित्र प्रदर्शन गर्न पाउनेछन् तर विपक्षी टीमका व्यक्तिहरु वा टीमलाई इंगित गरी काटुन, चित्रकारिता, हुटिङ्ग व्यक्तिगत वा संस्थागत नामबाट अश्लिल शव्द वा अभद्र व्यवहार गर्न पाइने छैन।

(झ) खेलको प्रतिस्पर्धा निम्ति गाउँपालिकाको स्विकृती र इजाजत विना आफ्नो टिमको नाममा जवर्जस्ती चन्दा उठाउन पाइने छैन।



रन्जन कालाखेती
अध्यक्ष

(ञ) गाउँपालिकाको स्विकृती वा इजाजत लिई उठाइएको चन्दा संस्थाको आम्दानी खातामा आय जनाई सम्बन्धित क्लबबाट पारित गराएर मात्र खर्च गर्न पाइनेछ।

(ट) यस अघिनै अन्यत्र दर्ता भएका वा गाउँपालिकामा सूचिकृत भएका संथाहरुले गाउँपालिकामा लिखित जानकारी दिएर मात्र स्वतन्त्र ढंगले खेल सञ्चालन गर्न पाउनेछन्।

१४. सौजन्यताः दर्तावाला संस्थाहरुले कसैको सौजन्यमा कुनै खेल सञ्चालन गर्न गाउँपालिकाको पूर्व स्वीकृती लिनु पर्नेछ। तर गाउपालिकाले स्विकृत नदिएको खण्डमा भने व्यक्ति वा संस्थाका सौजन्यताबाट प्राप्त नगदी, जिन्सी वा अन्य सहयोगलाई सार्वजनिक गरी खेल संचालन गर्न बाधा पर्ने छैन।

## परिच्छेद-४

## दर्ता, नविकरण र विघठन

१५. दर्ता र स्वीकृतीः (१) गाउँ कार्यपालिका भित्र गठित कुनै पनि संघ संस्था वा क्लब वा खेलकुदसँग सम्बन्धित संस्था गाउँपालिकामा दर्ता गर्नुपर्नेछ । खेलकुदसँग सम्बन्धित दर्ता नभएका संस्था वा क्लबलाई खेल संचालन गर्न गाउँपालिकाले स्वीकृती दिनेछैन।

(२) दर्ता गर्ने सचिवालयको कार्य गाउँपालिकाको शिक्षा शाखाले गर्नेछ।

(३) वडा स्तरीय खेलकुद विकास समितिको सचिवालय वडा कार्यालयमा रहनेछ।

(४) संस्था दर्ता र विधान स्वीकृतीको लागी अनुसूची-१ को ढाँचामा निवेदन दिईनु पर्नेछ।

(५) खेलकुद सम्बन्धी क्लब वा संस्था शुल्क गाउँपालिका स्तरीय रु. ५००। र वडा/ टोलस्तरीयको लागि रु. ३००। लाग्नेछ। नविकरण शुल्क गाउँपालिका स्तरीय रु. २००। र वडा/ टोलस्तरीयको लागि रु. १००। लाग्नेछ

(६) संस्था दर्ता र विधान स्वीकृतीको लागि निवेदन पर्न आएमा गाउँपालिकाले विधान स्वीकृत गरी संस्था दर्ता गरी अनुसूची-२ को ढाँचामा प्रमाण पत्र दिनु पर्नेछ। सोही प्रमाण पत्रमा हरेक वर्ष नविकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सही गरी नविकरण गर्नु पर्नेछ।

(७) पहिल्यै दर्ता भई सकेको संस्था भए गाउँपालिकामा सूचीकृतको लागी अनुसूची-३ को ढाँचामा लिखित निवेदन दिनु पर्नेछ।

(८) सूचीकृत भएका संस्थाहरुलाई अनुसूची-४ बमोजिम प्रमाणपत्र दिईनेछ। सोही प्रमाण पत्रमा हरेक वर्ष नविकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सही गरी नविकरण गर्नुपर्नेछ।

(९) दर्ता वा सूचीकृत भएका संस्थाको नविकरण गर्न दिईने निवेदन अनुसूची-५ बमोजिमको ढाँचामा हुनुपर्ने।

(१०) गाउँपालिकामा दर्ता वा सूचीकृत गर्दा आवेदन फाराम शुल्क बाहेक अन्य दस्तुर लाग्ने छैन।

(११) प्रत्येक वर्षको आषाढ मसान्त भित्र सबै दर्तावाल वा सूचीकृत संस्थाहरुले गाउँपालिकामा अनिवार्य नविकरण गराउनु पर्नेछ।

१६. जरिवानाः (१) दर्ता भएका खेलकुद सम्बन्धी संस्थाहरुले नविकरण नगरेमा देहाय बमोजिम जरिवाना गरिनेछः

(क) एक वर्ष सम्म पनि नविकरण नगरेमा रु. १०००।००

(ख) दुई वर्ष सम्म पनि नविकरण नगरेमा रु. २५००।००

(ग) तीन वर्ष सम्म पनि नविकरण नगरेमा रु. ५०००।००

(घ) पाँच वर्ष सम्म पनि नविकरण नगरेमा रु. १००००।००

(२) पाँच वर्ष भन्दा बढी समय सम्म पनि नविकरण नगर्ने संस्थालाई दर्ताको सूचीबाट हटाइनेछ। यसरी समयमा नविकरण नगरी दर्ताको सूचीबाट हटी सकेको संस्थामा संलग्न व्यक्तिको अर्को संस्था दर्ता गरिने छैन।



रन्जन कालाखेती

(३) समयमै नविकरण नगर्ने संस्थाले आफ्नो कोषबाट जरिवाना बुझाउनु पर्नेछ । तर संस्थाको कुनै व्यक्तिका कारणले संस्था नविकरण गर्न विलम्ब हुन गएको भए उक्त व्यक्तिबाट संस्थाले असूल उपर गर्न सक्नेछ ।

१७. संस्थाको विघटनः (१) दर्ता भएको खेलकुदका संस्थाहरु देहायका अवस्थामा विघटन हुन सक्नेछन:-

(क) संस्थाका दुई तिहाई बहुमतले संस्था विघटन गर्ने भनी निर्णय गरेमा,

(ख) लगातार ५ वर्ष सम्म संस्था नविकरण नगरेमा,

(ग) संस्थामा पदाधिकारी निष्कृय भएमा वा वेपत्ता भएमा,

(घ) प्राकृतिक विपत्तीको कारणबाट संस्था क्षत् विक्षत् भएमा,

१८. विघठित संस्थाको सम्पत्तीः विगठन भएको संस्थाको सम्पत्ती गाउँपालिकाको मातहतमा रहनेछ ।

१९. खारेजि र बचाउः (१) मनहरी गाउँपालिका खेलकुद कार्यविधि, २०७५ खारेज गरिएको छ ।

(२) मनहरी गाउँपालिका खेलकुद कार्यविधि, २०७५ बमोजिम भएका खेलकुद गतिविधिहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

अध्यक्ष

(दफा १३ को उपदफा २ सँग सम्बन्धित)

अनुसूची-१

मितिः

श्री शिक्षा अधिकृतज्यू,
मनहरी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, मनहरी, रजैया।

विषयः संस्था दर्ता सम्बन्धमा।

म/हामीले तपशिलमा उल्लेखित विवरण अनुसारको खेलकुद सम्बन्धी संस्था दर्ता गर्ने मनसायले इच्छुक व्यक्तिहरुको भेलाबाट गठित तदर्थ समितिले संस्थाको विधान समेत तयारी गरी सकेकोले एक प्रति विधान यसै निवेदन साथ संलग्न राखी विधान स्वीकृती र संस्था दर्ताका लागि आवेदन गरेको छु/छौं। नियमानुसार संस्था दर्ता गरिदिनुहुन अनुरोध गरिन्छ।

संस्थाको कार्यालय रहने स्थानः ...............................................................

मनहरी गाउँपालिका वार्ड नं. ............ टोलको नामः .........................

सचिवः
नामः
मितिः

अध्यक्षः
नामः
मितिः

निवेदन साथ पेश गर्नु पर्ने कागजातहरुः

क) संस्थाको विधानको मस्यौदा

ख) आवेदक र समितिका पदाधिकारीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि

ग) संस्थाको छापको नमूना

रन्जन कालाखेती
अध्यक्ष

(दफा १३ को उपदफा ३ सँग सम्बन्धित)

अनुसूची-२

## मनहरी गाउँपालिका कार्यालय,

## गाउँ कार्यपालिकाकाव कार्यालय, मनहरी, रजैया,

## संस्था दर्ता प्रमाण पत्र

संस्थाको नामः ..........................................................................

ठेगानाः ..........................................................................

दर्ता हुँदाका बखत रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्याः

दर्ता हुँदाका बखत रहनु भएको अध्यक्षको नामः

माथि उल्लेखित विवरण भएको संस्थाको विधान स्वीकृत गरी संस्था दर्ताको प्रमाण पत्र प्रदान गरिकएको छ। मनहरी गाउँ खेलकुद निर्देशिका र विधानको अधिनमा रही खेलकुद सम्बन्धी गतिविधिहरु संचालन गर्न अनुमति लिईएको छ।

रन्जन कालाखेती
अध्यक्ष

शिक्षा अधिकृत

(दफा १३ को उपदफा ४ सँग सम्बन्धित)

अनुसूच-३

श्री प्रमुख प्रशासकिय अधिकृतज्यू,
मनहरी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, मनहरी, रजैया।

विषयः संस्था सुचिकृत गरिदिनुहुन।

हामीले तपसिलको विवरण अनुसारको संस्था गठन गरी संचालन गर्दै आएका छौ। गाउँपालिकको नियमानुसार संस्था सूचीकृत गर्नु पर्ने भएकोले नियम अनुसार गरिदिन अनुरोध गर्दछौ।

संलग्न कागजातः

क) दर्ता प्रमाण पत्र

ख) चालु वर्षको लेखा परीक्षण प्रतिवेदन

ग) कर चुक्ता प्रमाणपत्र

घ) समितिको निर्णय

(दफा १३ को उपदफा ५ सँग सम्बन्धित)

अनुसूच-४

मनहरी गाउँपालिका कार्यालय,

गाउँ कार्यपालिकाको कार्यालय, मनहरी, रजैया।

संस्था सूचिकृत प्रमाण पत्र

संस्थाको नामः ..........................................................

ठेगानाः ...............................................................

दर्ता हुँदाको बखत रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्याः

दर्ता हुँदाका बखत रहनु भएको अध्यक्षको नामः

माथि उल्लिखित विवरण भएको संस्था सूचीकृत गरी प्रमाणपत्र प्रदान गरिएको छ। मनहरी गाउँ खेलकुद निर्देशिका र विधानको अधिनमा रही खेलकुद सम्बन्धी गतीविधिहरु संचालन गर्न अनुमति दिइएको छ।

अध्यक्ष